Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ अंक: ८८ वि.सं. २०८३ असार २६ शुक्रवार नेपाल संवत: ११४५, आषाढ कृष्ण एकादशी Friday 10 July 2026 yugaawhan@gmail .com पृष्ठ: ४ मूल्य: ५ ।-

## गृह जिल्लामै पूर्णबहादुरलाई झट्का

**युग संवाददाता**
**सुर्खेत, २५ असार ।**
नेपाली कांग्रेसको सदस्यता अद्यावधिक गर्ने अभियानको विरोध गर्दै आएका पूर्वकार्यवाहक सभापति पूर्णवहादुर खड्काको गृहजिल्ला सुर्खेतका नेताहरूले आजदेखि धमाधम सदस्यता अद्यावधिक गर्न थालेका छन् ।

अद्यावधिक नगरेका जिल्ला सभापतिकै अध्यक्षतामा बसेको बैठकले सबैलाई अद्यावधिकका लागि अनुरोध गर्ने निर्णय गरेको छ । बैठकले सबै पालिकामा अद्यावधिकका लागि स्थानीय प्रतिनिधिहरूलाई समेत खटाएको छ भने उनीहरूलाई अद्यावधिकका बारेमा प्रशिक्षणसमेत दिएको थियो ।

खड्का निकट मानिने कांग्रेस सुर्खेतका सभापति खड्गबहादुर पोखरेलले क्रियाशील सदस्यता अद्यावधिक गरेको अद्यावधिक अभियानका लागि खटिएका केन्द्रीय प्रतिनिधि लेखनाथ पोखरेलले जानकारी दिए ।

जिल्ला सभापतिले नै अद्यावधिक गरेर जिल्लाका सबै कार्यकर्ताहरूलाई अद्यावधिक गराउने अभियान सुरु गरेका हुन् । सदस्यता अद्यावधिक अभियानका लागि आगामी २७ असारसम्म म्याद थप्न पनि नेपाली कांग्रेस सुर्खेतले समय माग गरेको छ ।

## कालीकोटमा कालाजार बिरामी देखियो

**युग संवाददाता**
**कालीकोट, २५ असार ।**
हिमाली जिल्लामा पनि लामखुट्टेको टोकाइबाट लाग्ने रोगका बिरामी देखिन थालेका छन् । कालीकोटमा लामाखुट्टेको टोकाइबाट लाग्ने रोग डेङ्गी, औलो र कालाजारका बिरामी भेटिन थालेका हुन् ।



विगतमा तराई र पहाडका जिल्लामा मात्र देखिने गरेको लामखुट्टेका कारणले लाग्ने रोग केही वर्षयता हिमाली जिल्लामा देखिन थालेको छ । जिल्लामा आर्थिक २०८२/०८३ मा लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गी, औलो र कालाजारका १९ बिरामी भेटिएको जिल्ला स्वास्थ्य सेवा कार्यालयका जनस्वास्थ्य अधिकृत कटकबहादुर महतले जानकारी दिए । उनका अनुसार डेङ्गीका १०, कालाजारका आठ र औलोका एक जना एक बिरामी भेटिएका छन् ।

जिल्लाका नौ पालिकामध्ये छ पालिकामा डेङ्गी, औलो र कालाजारका बिरामी भेटिएको जनस्वास्थ्य अधिकृत महतले बताए । "जिल्लाका नौ पालिकामध्ये खाँडाचक्र नगरपालिका डेङ्गीका आठ, पलाँता गाउँपालिका एक, नरहरिनाथ गाउँपालिका एक जना बिरामी भेटिएका छन् ।

त्यस्तै, कालाजारका खाँडचक्र नगरपालिका दुई, पचालझरना गाउँपालिका दुई रास्कोट नगरपालिका, शुभकालिका, पलाँता र नरहरिनाथ गाउँपालिकामा एक/एक जना, बिरामी भेटिएका छन्", उनले भने, "औलो रोगका बिरामी खाँडाचक्र-२ मा एक जनामा भेटिएको थियो । यो भने आयतित बिरामी थिए ।"

जलवायु परिवर्तनका कारणले तापक्रम बद्दै जाँदा पहिले चिसो मानिने क्षेत्रमा लामखुट्टे बाँच्न र प्रजनन गर्न सक्षम भएका र जिल्लाबाट धेरै मानिसहरू तराईका जिल्लाबाट आउन-जाने भएकाले पनि पछिल्लो चरणमा डेङ्गी, औलो र कालाजारका बिरामी भेटिने गरेको जिल्ला स्वास्थ्य सेवा कार्यालयका प्रमुख रत्नवीर सुनारले बताए ।

"सडक निर्माण, बजार विस्तार तथा अव्यवस्थित बस्तीका कारण पानी जम्ने ठाउँ बढ्दा लामखुट्टे हुर्कन अनुकूल वातावरण बन्छ । त्यो कारणले पनि जिल्लामा डेङ्गी, औलो र कालाजारका बिरामी भेटिन थालेका हुन्", उनले भने, " विशेष गरेर जिल्लाका तल्लो भेग कर्णाली नदी र तिला नदी किनार

बाँकी ३ पेजमा

# 'सास नआएपनि लास आओस्'

**ओम शाही**
**सुर्खेत, २५ असार ।**
सुर्खेतको पञ्चपुरी नगरपालिका-५ माझिगाउँका डण्डपाणी सुवेदीको दैनिकी यतिबेला असमान्य अवस्थाबाट गुज्रिरहेको छ । उनलाई न रातमा निद्रा लाग्छ, नत दिनमा चैनसँग बस्न सक्छन् उनी । एक साता (१८ असार) यताका दिनहरु डण्डपाणीका लागि आशा र निराशाका बिच व्यतित भइरहेका छन् ।



उनी बैचन मुद्रामा यताउता गरिरहन्छन्, मोवाइलमा आउने फोन, सामाजिक सञ्जाल प्रयोगकर्ताले फेसबुक फिडमा राखेका साम्रगी नियाल्नु दैनिकी जस्तै बनेको छ उनलाई । रेडियो तथा अनलाइन समाचार माध्ययमा प्रकाशित हुने र बज्ने समाचारहरु पुरै पढ्छन् र सुन्छन् । उनको पीडाको पछाडि दुई छोरा गुमाउनुमा जोडिएको छ ।

उनले आठ दिन अघि सडक दुर्घटना भई कर्णाली नदीमा खसेका आफ्ना दुई छोराको सास नआएपनि लासको प्रतिक्षा गरिरहेका छन् । उनमा मात्रै एउटा झिनो आशा छ–कर्णाली नदीमा खसेका आफ्ना दुई छोराको सास नभए पनि लास आओस् ।

१८ असार २०८३ को बिहान करिब ११:३० बजे सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित साँगेतडाबाट कर्णाली नदीमा खसेको थियो । दुर्घटनाग्रस्त गाडीका चालक तुलाराम सुवेदी र सहचालक रामप्रसाद सुवेदी उनै डण्डपाणीका छोरा हुन् ।

रामप्रसाद जेठा र तुलाराम डण्डपाणीका कान्छा छोरा हुन् । दुर्घटना भएको आठ दिन बितिसक्दा पनि उनीहरूको अवस्था अझै अज्ञात छ । उनीहरू जीवित छन् वा कर्णाली नदीको भंगालोले सधैंका लागि निल्यो भन्ने यकिन हुन सकेको छैन । यही अनिश्चितताले सुवेदी परिवारलाई असह्य पीडामा पारेको छ । दुर्घटनामा गाडीमा सवार पाँच जनामध्ये दुई जनाको शव फेला परेको छ ।

कालीकोटको पचालझरना गाउँपालिका-९ का मेखे (मेगे) तिरुवाको शव सोमबार (२२ असार) दुर्घटनास्थलबाट करिब एक सय ५० किलोमिटर तल कैलालीको मोहन्याल गाउँपालिका-स्थित कर्णाली नदी किनारमा भेटिएको थियो । उनका छोरा रवीन्द्र तिरुवाले टीकापुर अस्पताल पुगेर शवको पहिचान गरेका थिए । मेखेका भाइ जेखे तिरुवाको शव भने दुर्घटना भएकै दिन फेला परेको थियो । तर, चालक तुलाराम, सहचालक रामप्रसाद, गाडीमा सवार यात्रु रास्कोट नगरपालिकाकी सिर्जना खड्का र गाडी कर्णाली नदीको भेलमा अझै बेपत्ता छन् ।

दुर्घटनाग्रस्त गाडी र यात्रुको खोजीमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले हेलिकोप्टर, ड्रोन, म्याग्नेट, सोनार क्यामेरा तथा गोताखोरको सहायताले खोजीलाई सघन बनाइरहेका छन् । सुरक्षा निकायले खोज तथा उद्धारमा उच्च प्रविधि प्रयोग गरिरहेको दावी गरेपनि कर्णालीको धमिलो र उच्च बहावको भंगालोमा ति उपकरण कामयावी बन्न सकेका छैनन् । डण्डपाणीलाई दुई छोरा गुमाउनुको पीडामात्र छैन, दुर्घटनासँगै आफ्नो सम्पूर्ण जीविकोपार्जनको आधार पनि कर्णाली नदीको बर्खे भेलसँगै बगेको छ ।

रोजगारीको गन्तव्य भारतमा बनाएका तुलाराम र रामप्रसाद गत वर्षको दशैंमा घर फर्केका थिए । दुई भाई मिलेर गाडी चलाउने इच्छा गरेपछि दुर्घटनाग्रस्त गाडी बैंकबाट ऋण लिएर खरिद गरिएको थियो ।

सहचालकलाई दिइने पारिश्रमिक बचत हुने आशाले रामप्रसाद पनि भाईसँगै गाडीमा हिँड्थे । प्रायजसो दैलेख, कालीकोट, जुम्ला रुटमा उनीहरु परिवारको भविष्य सुनौलो बनाउन हिँडिरहन्थे । उनीहरुले गाडी र परिवारको खर्च कटाएर भएको आम्दानी बैंकको कर्जा तिर्थे, बाँकी केही रकम बचत गर्थे ।

छोराहरुलाई सुरक्षित तवरबाट गाडी चलाउन डण्डपाणीले भनिरहन्थे । बिडम्बना अहिले डण्डपाणीका सामु न कमाउने छोरा छन्, न त ऋणमा किनेको गाडी नै । अब उनका अघि गाडी किन्न लिइएको ऋणको थुप्रोसँगै जीवनभर छोरा गुमाउनुको पीडाको पहाड उभिएको छ ।

तुलाराम र रामप्रसादका चार छोराछोरीको भार अब बुढौली हुँदै गएको डण्डपाणीको काँधमा थपिएको छ । 'मेरो सम्पूर्ण सम्पत्ति बैंकमा धितो राखेर ऋण लिएको थिएँ । अहिले गाडी पनि गयो, दुई छोरा पनि बेपत्ता भए । घरमा साना नातिनातिना छन् । अब परिवार कसरी पाल्ने र बैंकको ऋण कसरी तिर्ने भन्ने चिन्ताले सताएको छ,' उनले भने ।

सरकारले खोजी कार्य जारी राखे पनि अझ प्रभावकारी रूपमा खोजी गर्नुपर्ने उनको आग्रह छ । 'सास नभेटिए पनि मेरो छोराको लास भेटियोस् । कम्तीमा अन्तिम संस्कार त गर्न पाउँ । यही अन्तिम आशामा बसेको छु,' उनले भावुक हुँदै भने । कर्णाली राजमार्गले उजाडिएको डण्डपाणीको मात्रै होइन गाडीमा सवार अन्यको परिवार बाँच्ने आधारको पर्खाइमा बस्नु बाहेको विकल्पमा छैन ।

'मेरा दुई छोरा नै परिवारका मुख्य सहारा थिए । अहिले उनीहरू छैनन् । अब हाम्रो परिवार कसरी बाँच्ने भन्ने चिन्ता मात्रै बाँकी छ । सरकारले खोजीलाई अझ तीव्र बनाओस् र पीडित परिवारलाई आवश्यक राहतको व्यवस्था गरिदियोस् भन्ने अपेक्षा छ,' डण्डपाणीले भने ।

## बेलौरीमा बाढीजन्य विपद्को पूर्व तयारी तीव्र

**युग संवाददाता**
**कञ्चनपुर, २५ असार ।**
मनसुन सक्रिय भएसँगै सम्भावित बाढी तथा डुबानको जोखिमलाई मध्यनजर गर्दै बेलौरी नगरपालिकाले पूर्वतयारीलाई तीव्र बनाएको छ । उच्च जोखिममा रहेका क्षेत्रको पहिचान गरी खोला-नाला सरसफाइ, उद्धार सामग्री व्यवस्थापन, स्वयंसेवक परिचालन र विपद् प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइएको छ ।



नगरपालिकाको विपद् शाखाका विपद् सम्पर्क व्यक्ति अशोक पाण्डेयका अनुसार दोदा र महाकाली नदीसँग जोडिएका वडा बाढी तथा डुबानको उच्च जोखिममा छन् । विशेषगरी वडा नम्बर ५ सबैभन्दा बढी जोखिममा रहेको छ भने वडा नम्बर २, ६, ८ र १० पनि डुबानको जोखिममा रहेका छन् । ती क्षेत्रका करिब एक हजार ५०० भन्दा बढी परिवार सम्भावित डुबानको उच्च जोखिममा रहेका छन् ।

सम्भावित विपद्को सूचना छिटो आदान-प्रदान गर्न समुदायस्तरीय विपद् व्यवस्थापन समिति (सिडीएमसी)लाई सक्रिय बनाइएको छ । समितिमा आबद्ध व्यक्तिहरूको वाट्सएप समूह गठन गरी बाढी वा अन्य विपद्को सूचना तत्काल प्रवाह तथा उद्धार टोली परिचालन गर्न सकिने व्यवस्था मिलाइएको पाण्डेयले जानकारी दिए ।

विपद् सम्पर्क व्यक्ति पाण्डेयका अनुसार नगरपालिकाले सबै वडामा विपद्का बेला आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गरिसकेको छ । खोज तथा उद्धारलाई प्रभावकारी बनाउन नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई एक-एक थान रबर बोट उपलब्ध गराइएको छ । साथै आपत्कालीन सञ्चालन केन्द्र सञ्चालनमा ल्याइनुका साथै राहत तथा

बाँकी ३ पेजमा

## जलाधार कार्यालय जुम्लाद्वारा ९० योजना निर्माण सम्पन्न

**युग संवाददाता**
**जुम्ला, २५ असार ।**
भू-तथा जलाधार व्यवस्थापन कार्यालय जुम्लाले चालु आर्थिक वर्षमा ९० योजना सम्पन्न गरेको छ । कार्यालयले पहिरो रोकथाम, तटबन्ध तथा बाँध निर्माण र खोला किनारा संरक्षणका योजना पूरा गरेको भू-तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख लोकेन्द्रबहादुर भण्डारीले जानकारी दिए ।

कार्यालयले हुम्लामा ३२, मुगुमा २८, डोल्पामा आठ, जुम्लामा २० र कालीकोटमा दुई योजना निर्माण भएको कार्यालय प्रमुख भण्डारीको भनाइ छ । ती योजना उपभोक्ता समितिबाट सम्पन्न भएका हुन् । पाँचवटै जिल्लाका ९० योजनामध्ये जुम्लामा तीन र डोल्पामा एक योजना निर्माण पूरा भएको प्रमुख भण्डारीले उल्लेख गरे ।

कार्यालयमा दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवा प्रवाहमा भने कठिनाइ भएको छ । कुल १७ वटा स्थायी दरबन्दीमध्ये १३ वटामात्र पदपूर्ति भएको छ । प्राविधिक तहअन्तर्गत इञ्जिनियर सातौं र आठौं तहको कर्मचारीको पदपूर्ति नहुँदा कार्यसम्पादनमा कठिनाइ भएको छ ।

पाँचवटै जिल्लाका योजना अनुमगन गर्न प्राविधिक कर्मचारीको अभावले सीमित कर्मचारीबाट सेवा प्रवाह गर्न समस्या भएको भू-तथा जलाधार व्यवस्थापन कार्यालयले जनाएको छ ।

GANGAMALA
TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

युगआह्वान
राष्ट्रिय दैनिक

## सम्पादकीय....

# कर्णालीको ऊर्जामा लगानी बढ्ने संकेत

कर्णालीका नदीहरू केवल बग्ने पानीका स्रोत होइनन्, नेपालको ऊर्जा भविष्य निर्माण गर्ने आधार पनि हुन् । यही सम्भावनालाई थप बल दिने गरी मुगु जिल्लामा प्रस्तावित तीन सय ६ मेगावाट क्षमताको माथिल्लो मुगु कर्णाली जलविद्युत आयोजना अघि बढ्ने प्रक्रियामा प्रवेश गरेको छ। उत्पादन अनुमतिपत्रका लागि सार्वजनिक सूचना जारी भएसँगै आयोजना कार्यान्वयनतर्फको अर्को महत्वपूर्ण चरण सुरु भएको छ । करिब ५५ अर्ब रुपैयाँभन्दा बढी लगानीमा निर्माण हुने यो आयोजना समयमै सम्पन्न भए सन् २०३३ सम्म राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत थपिनेछ । यसले कर्णालीको ऊर्जा समृद्धिको यात्रामा अर्को महत्वपूर्ण इँटा थप्नेछ । कर्णालीलाई जलस्रोतको दृष्टिले नेपालकै सबैभन्दा धनी प्रदेश मानिन्छ । विभिन्न अध्ययनले यहाँ झण्डै १८ हजार मेगावाटभन्दा बढी विद्युत उत्पादन गर्न सकिने सम्भावना औँल्याएका छन् । तर, दशकौँसम्म पूर्वाधारको अभाव, लगानीको कमी, प्रसारण लाइनको कमजोर अवस्था र राज्यको उदासीनताले यो अपार सम्भावना कागजमै सीमित रह्यो । पछिल्ला वर्षमा भने जलविद्युत क्षेत्रमा निजी तथा सरकारी लगानी बढ्दै गएको छ। माथिल्लो मुगु कर्णाली आयोजना पनि त्यही सकारात्मक परिवर्तनको संकेत हो ।

यो आयोजना केवल तीन सय ६ मेगावाट विद्युत उत्पादन गर्ने परियोजना मात्र होइन । यसले दुर्गम मुगुमा सडक, पुल, सञ्चार, रोजगारी, स्थानीय व्यवसाय र पर्यटन विकासका नयाँ अवसर सिर्जना गर्न सक्छ। आयोजना निर्माणका क्रममा हजारौँले प्रत्यक्ष-अप्रत्यक्ष रोजगारी पाउनेछन् भने स्थानीय उत्पादनको बजार विस्तार हुनेछ। निर्माणपछि पनि विद्युत, यातायात र अन्य पूर्वाधारको पहुँच विस्तार हुँदा समग्र स्थानीय अर्थतन्त्र चलायमान बन्ने अपेक्षा गर्न सकिन्छ । रारा क्षेत्रसँग जोडिएको मुगुको पर्यटन विकासमा समेत यसले सहयोग पुऱ्याउने सम्भावना छ । तर, ऊर्जा समृद्धिको लक्ष्य केवल आयोजना घोषणा गरेर पूरा हुँदैन । वातावरणीय प्रभाव न्यूनीकरण, स्थानीय समुदायको अधिकार संरक्षण, उचित क्षतिपूर्ति, पुनःस्थापना र लाभ बाँडफाँटलाई उत्तिकै प्राथमिकता दिनुपर्छ। नदीको प्राकृतिक बहाव, जैविक विविधता र जलचर संरक्षणमा विशेष ध्यान नदिइए दीर्घकालीन समस्या उत्पन्न हुन सक्छ। त्यसैले वातावरणीय प्रभाव मूल्याङ्कनका सर्तहरू कडाइका साथ कार्यान्वयन गरिनु आवश्यक छ। स्थानीयवासीलाई आयोजना विरोधी होइन, साझेदार बनाउने नीति अवलम्बन गरिए मात्र दीगो सफलता सम्भव हुन्छ ।

अर्कोतर्फ, उत्पादित विद्युत सहज रूपमा राष्ट्रिय प्रणालीमा जोड्ने प्रसारण लाइन समयमै निर्माण हुनु उत्तिकै महत्वपूर्ण छ । नेपालमा धेरै जलविद्युत आयोजना उत्पादन सम्पन्न भएर पनि प्रसारण पूर्वाधार ढिलो हुँदा समस्या भोगिरहेका उदाहरण प्रशस्तै छन् । त्यसैले उत्पादन, प्रसारण र बजार व्यवस्थापनलाई एउटै योजनाअन्तर्गत अघि बढाउनुपर्ने आवश्यकता छ। कर्णाली अब गरिबी र पछौटेपनको परिचयबाट होइन, ऊर्जा उत्पादनको केन्द्रका रूपमा चिनिनुपर्ने समय आएको छ । माथिल्लो मुगु कर्णालीजस्ता आयोजना त्यस दिशातर्फका महत्वपूर्ण पाइला हुन् । तर, यस्ता परियोजनालाई समयमै सम्पन्न गर्ने, वातावरणीय दायित्व पूरा गर्ने र स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने सुनिश्चितता गर्न सके मात्र कर्णालीको जलसम्पदा वास्तविक अर्थमा समृद्धिको आधार बन्नेछ । ऊर्जा उत्पादनबाट प्राप्त लाभ कर्णालीकै विकास, औद्योगिकीकरण र जनजीविकाको रूपान्तरणमा रूपान्तरण गर्न सकियो भने मात्र कर्णालीको अपार जलसम्पदाले प्रदेश र राष्ट्र दुवैको भविष्य उज्यालो बनाउनेछ ।

## विश्व

# हर्मुजमा फेरि अमेरिका-इरान भिडन्त

**तेहरान, २५ असार ।**
रणनीतिक महत्त्वको हर्मुज जलघाँटीलाई केन्द्र बनाएर अमेरिका र इरानबीच दोस्रो दिन पनि सैन्य आक्रमण र प्रतिआक्रमण जारी रहेको छ । समुद्री मार्गको नियन्त्रण, अन्तर्राष्ट्रिय जहाजहरूको आवतजावत तथा क्षेत्रीय सुरक्षालाई लिएर दुवै पक्षबीच तनाव चुलिँदा मध्यपूर्वको सुरक्षा अवस्था थप जटिल बनेको छ ।

अमेरिकी सेनाले हर्मुज जलघाँटीमा अन्तर र्राष्ट्रिय जहाजहरूको स्वतन्त्र आवागमनलाई जोखिममा पार्ने इरानको क्षमता कमजोर पार्ने उद्देश्यले पछिल्लो सैन्य कारबाही गरिएको जनाएको छ । अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) का अनुसार करिब ९० वटा सैन्य लक्ष्यमा आक्रमण गरिएको छ। इरानको उत्तरपूर्वस्थित रेल पुल, तटीय बुसेहरस्थित सैन्य आधार, बन्दर अब्बास, कोणार्क, चाबहार तथा किश टापु आसपासका क्षेत्रमा विस्फोट भएका छन् । केही स्थानमा विद्युत् आपूर्ति समेत अवरुद्ध भएको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् ।

इरानको इस्लामिक रिभोलुसनरी गाड्र्स (आइआरजिसी) ले त्यसको प्रत्युत्तरस्वरूप बहराइन र कुवेतस्थित अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गरी क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको जनाएको छ । बहराइनको राजधानी मनामामा विस्फोटको आवाज सुनिएको एएफपीका संवाददाताले बताएका छन् भने कुवेतले शत्रुतापूर्ण क्षेप्यास्त्र र ड्रोन आक्रमणहरू अवरोध गरिएको जनाएको छ। अमेरिकी अधिकारीका अनुसार इरानको पछिल्लो आक्रमणबाट अमेरिकी पक्षमा कुनै ठूलो क्षति वा मानवीय हताहत भएको छैन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम समाप्त भएको बताउँदै थप वार्ताका लागि ढोका भने खुला रहेको उल्लेख गरेका छन् । उनले ट्रुथ सोसलमार्फत इरानले व्यापारिक जहाजमाथि गरेको आक्रमणको प्रतिशोधस्वरूप अमेरिकी कारबाही गरिएको दाबी गर्दै पुनः यस्ता गतिविधि भए अझ कडा जवाफ दिइने चेतावनी दिए । एयरफोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले इरानी पक्षबाट सम्पर्क भएको दाबी गरे पनि त्यसबारे थप विवरण सार्वजनिक गरे ।


यसैबीच, इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर घालीबाफले हर्मुज जलघाँटी इरानी व्यवस्थाअन्तर्गत मात्र सञ्चालन हुने स्पष्ट पारेका छन् । उनले अमेरिकाले धम्की र प्रतिबद्धता उल्लङ्घनको परिणाम नहुने ठान्न नहुने चेतावनी दिँदै इरानमाथि आक्रमण भए जवाफ पनि त्यहीअनुसार दिइने बताए ।

फेब्रुअरीमा अमेरिका-इजरायल आक्रमणपछि सुरु भएको युद्धयता इरानले हर्मुज जलघाँटीमाथि नियन्त्रण कायम राख्ने नीति अघि बढाउँदै आएको छ । तेहरानले जलमार्ग प्रयोग गर्ने जहाजबाट शुल्क लिने र तोकिएको मार्गबाट विचलित हुने जहाजमाथि कारबाही गर्ने चेतावनी दिँदै आएको छ । हालैका दिनमा इरानले कम्तीमा तीनवटा

बाँकी ३ पेजमा

### भान्सादेखि कारखानासम्मः

# बिजुलीले बदल्ने नेपालको अर्थतन्त्र



✍ मीरेश अधिकारी



नेपालमा बिजुलीको कुरा हुँदा धेरैजसो छलफल उत्पादनमै केन्द्रित हुन्छ। कति मेगावाट थपियो, कति आयोजना निर्माणाधीन छन्, कति विद्युत् निर्यात भयो, कति उत्पादन हुने सम्भावना छ- यी प्रश्न स्वाभाविक र महत्त्वपूर्ण छन्। अब ऊर्जा बहसलाई अर्को चरणमा लैजानुपर्ने समय आएको छ।

अब प्रश्न केवल कति बिजुली उत्पादन भयो भन्ने होइन । प्रश्न यो पनि हो- त्यो बिजुली कहाँ प्रयोग भयो ? कसको जीवन बदलियो ? कति आयात घट्यो ? कति उद्योग चले ? कति रोजगारी सिर्जना भयो ? कति परिवारको खर्च कम भयो ?

मेरो बुझाइमा नेपालको ऊर्जा भविष्य बाँध, टर्बाइन र प्रसारण लाइनमा मात्र सीमित छैन । यसको वास्तविक शक्ति तब देखिन्छ, जब स्वदेशी बिजुली घरको भान्सादेखि कारखानाको मेसिनसम्म पुग्छ। जब बिजुलीले ग्यासको सिलिन्डर विस्थापित गर्छ, पेट्रोलियम इन्धनको खपत घटाउँछ, कृषि उत्पादन जोगाउँछ, उद्योगलाई प्रतिस्पर्धी बनाउँछ र युवालाई रोजगारी दिन्छ, तब मात्र ऊर्जा अर्थतन्त्रमा बदलिन्छ।

'एनर्जी नेपाल'को मूल भावना पनि यही हो। यो केवल उत्पादन बढाउने विषय होइन। यो स्वदेशमा उत्पादित बिजुलीलाई स्वदेशकै जीवन, बजार, उद्योग र समृद्धिसँग जोड्ने राष्ट्रिय सोच हो।

**भान्साबाट सुरु हुने परिवर्तन**

नेपालका अधिकांश परिवारका लागि भान्सा केवल खाना पकाउने ठाउँ होइन, घरको अर्थतन्त्र चल्ने केन्द्र पनि हो । मासिक खर्चको ठुलो हिस्सा खाद्यान्न, इन्धन र दैनिक उपभोगमा जान्छ । एलपी ग्यासको मूल्य बढ्दा त्यसको असर सबैभन्दा पहिले भान्सामै देखिन्छ । विद्युतीय चुलो, राइस कुकर, केतली, ओभन, पानी तताउने उपकरण र अन्य ऊर्जा-कुशल प्रविधिको प्रयोग बढाउन सकियो भने घरायसी खर्चमा केही राहत आउन सक्छ। त्यसभन्दा पनि महत्त्वपूर्ण कुरा आयातित ग्यासमाथिको निर्भरता घटाउन सकिन्छ।

नागरिकलाई केवल 'इन्डक्सन चलाउनुहोस्' भनेर पुग्दैन। व्यवहार परिवर्तनका लागि भरोसा चाहिन्छ। बिजुली स्थिर आउँछ कि आउँदैन ? उपकरण सुरक्षित छ कि छैन ? चलाउन सस्तो पर्छ कि पर्दैन ? बिग्रियो भने मर्मत कहाँ हुन्छ ? पुरानो वायरिङले धान्छ कि धान्दैन ? यी प्रश्नको उत्तर नदिई अभियान सफल हुँदैन।

त्यसैले भान्सामा विद्युतीय रूपान्तरण ल्याउन सरकार, स्थानीय तह, बैंक, उपकरण बिक्रेता, विद्युत् सेवा प्रदायक र मिडियाले संयुक्त रूपमा काम गर्नुपर्छ। किफायती उपकरण, किस्ताबन्दी सुविधा, सुरक्षित वायरिङ, जनचेतना र मर्मत सेवा, यी सबै एकैसाथ उपलब्ध हुनुपर्छ । भान्साको परिवर्तन सानो देखिन सक्छ तर लाखौं घरमा दोहोरियो भने यसको राष्ट्रिय आर्थिक प्रभाव ठुलो हुन्छ।

**घरायसी खपतबाट राष्ट्रिय बचत**

जब कुनै परिवारले ग्यासको खपत घटाएर बिजुली प्रयोग गर्छ, त्यो केवल व्यक्तिगत सुविधा होइन । त्यो राष्ट्रिय अर्थतन्त्रका लागि पनि सकारात्मक कदम हो। आयातित इन्धनका लागि बाहिरिने पैसा देशमै रहन्छ । नागरिकले तिरेको रकम स्वदेशी ऊर्जा प्रणालीभित्रै घुम्छ। त्यसले सेवा, मर्मत, उपकरण, स्थानीय व्यापार र रोजगारीका नयाँ अवसर खोल्छ। एक परिवारले गरेको सानो निर्णय राष्ट्रको व्यापार घाटासँग कसरी जोडिन्छ भन्ने कुरा तत्काल देखिँदैन । अर्थतन्त्र यस्तै लाखौं साना निर्णयको योग हो। घरायसी प्रयोगमा बिजुलीलाई प्राथमिकता दिने संस्कार बस्यो भने स्वदेशी उत्पादनको बजार पनि स्वदेशमै विस्तार हुन्छ। यहींबाट ऊर्जा खपत अर्थतन्त्रको हिस्सा बन्छ।

**सडकमा पेट्रोलबाट बिजुलीतर्फ**

नेपालको आयात संरचनामा पेट्रोलियम पदार्थको ठुलो भूमिका छ। पेट्रोल र डिजेलका लागि बाहिरिने रकमले देशको व्यापार घाटामा दबाब थप्छ । त्यसैले यातायात क्षेत्रमा विद्युतीकरण केवल वातावरणीय विषय होइन, आर्थिक विषय पनि हो ।

विद्युतीय सवारीप्रति नागरिकको आकर्षण बढ्दै गएको छ तर यसलाई निजी कारमा मात्र सीमित राख्नुहुँदैन । सार्वजनिक बस, ट्याक्सी, स्कुल बस, माइक्रोबस, डेलिभरी भ्यान, नगर यातायात र सरकारी सवारीलाई योजनाबद्ध रूपमा विद्युतीय बनाउनु आवश्यक छ।

यसको फाइदा बहुआयामिक हुन्छ। इन्धन आयात घट्छ । सहरको प्रदूषण कम हुन्छ । सञ्चालन खर्च घट्न सक्छ। स्वदेशी बिजुलीको खपत बढ्छ । चार्जिङ स्टेसन, मर्मत सेवा, सफ्टवेयर, ब्याट्री व्यवस्थापन र प्राविधिक तालिमका नयाँ व्यवसाय जन्मिन्छन् । अर्थात् विद्युतीय यातायात केवल गाडी परिवर्तन होइन, यो पूरा सेवा अर्थतन्त्र निर्माण गर्ने अवसर हो।

किसानसम्म बिजुली पुग्दा

नेपालको कृषि क्षेत्र अझै पनि उत्पादनभन्दा बढी जोखिमसँग परिचित छ। किसानले उत्पादन गर्छ तर भण्डारण हुँदैन। मूल्य पाउँदैन। समयमै बजार पुग्दैन । फलफूल, तरकारी, दुध, मासु र अन्य उत्पादन नष्ट हुन्छन्।

स्वदेशी बिजुलीले कृषि अर्थतन्त्रमा ठुलो परिवर्तन ल्याउन सक्छ। विद्युतीय सिँचाइ, दुध चिस्यान केन्द्र, कोल्ड स्टोरेज, फलफूल सुकाउने उपकरण, खाद्य प्रशोधन, प्याकेजिङ र स्थानीय भण्डारण प्रणालीले किसानको उत्पादनलाई बजारसँग जोड्न सक्छ।

कृषि उत्पादनको मूल्य खेतमा मात्र सिर्जना हुँदैन । मूल्य त प्रशोधन, भण्डारण, ब्रान्डिङ र बजार पहुँचबाट बढ्छ । यी सबै चरणमा बिजुलीको भूमिका हुन्छ।

गाउँमै ऊर्जा आधारित साना उद्योग खुले भने किसानले उत्पादन बेच्न टाढा जानुपर्दैन । स्थानीय युवाले काम पाउँछन् । महिलाको सहभागिता बढ्छ। गाउँको पैसा गाउँमै घुम्छ। यसरी बिजुलीले कृषि उत्पादनलाई आर्थिक अवसरमा बदल्न सक्छ।

**होटल, पर्यटन र सेवा क्षेत्रमा नयाँ सम्भावना**

नेपालको पर्यटन उद्योग स्वच्छ ऊर्जा प्रयोग गर्ने ठुलो क्षेत्र बन्न सक्छ । होटल, रिसोर्ट, रेस्टुरेन्ट, अस्पताल, विद्यालय, कलेज, सपिङ कम्प्लेक्स र कार्यालयहरूमा बिजुलीको व्यापक उपयोग गर्न सकिन्छ।

होटल तथा रेस्टुरेन्टमा विद्युतीय भान्सा, पानी तताउने प्रणाली, लन्ड्री, वातानुकूलन, चार्जिङ सुविधा र ऊर्जा-कुशल उपकरणको प्रयोग बढाउन सकिन्छ।

यसले सञ्चालन प्रणालीलाई आधुनिक बनाउँछ र स्वच्छ ऊर्जा प्रयोग गर्ने नेपालको छवि पनि बलियो बनाउँछ। भविष्यको पर्यटक केवल दृश्य हेर्न आउँदैन। ऊ जिम्मेवार पर्यटन खोज्छ। वातावरणमैत्री होटल खोज्छ । कम कार्बन उत्सर्जन भएको गन्तव्य खोज्छ।

नेपालले स्वच्छ बिजुली प्रयोग गर्ने पर्यटन गन्तव्यका रूपमा आफ्नो पहिचान बनाउन सक्छ । यो वातावरणीय दायित्व मात्र होइन, बजारको नयाँ अवसर पनि हो ।

**कारखानाले बिजुली खपत गर्दा**

नेपालको आर्थिक रूपान्तरणको वास्तविक परीक्षा उद्योग क्षेत्रमा हुन्छ । घरायसी खपत र विद्युतीय यातायात महत्त्वपूर्ण छन् तर ठुलो आर्थिक प्रभाव तब आउँछ, जब बिजुलीले उत्पादनमूलक उद्योग चलाउँछ। कृषि प्रशोधन, खाद्य उद्योग, निर्माण सामग्री, सूचना प्रविधि, डेटा सेवा, शीत भण्डारण, औषधि, होटल सामग्री, विद्युतीय उपकरण, साना तथा मझौला उद्योग, यी सबै क्षेत्रमा बिजुलीले उत्पादन लागत, गुणस्तर र प्रतिस्पर्धामा प्रभाव पार्न सक्छ।

उद्योगले स्वदेशी बिजुली प्रयोग गर्दा एकैपटक धेरै आर्थिक परिणाम सिर्जना हुन्छन्। उत्पादन बढ्छ, रोजगारी सिर्जना हुन्छ, कर उठ्छ, आयात प्रतिस्थापन हुन्छ, निर्यातको सम्भावना बढ्छ र स्थानीय आपूर्ति शृंखला बलियो हुन्छ।

**रोजगारी सिर्जनाको नयाँ आधार**

नेपालको सबैभन्दा गम्भीर सामाजिक चुनौतीमध्ये एक युवा पलायन हो । युवाहरू विदेश जानु आफैंमा गलत होइन । देशभित्र अवसर नभएकाले बिदेसिनु बाध्यता बन्नु चिन्ताको विषय हो।

ऊर्जा आधारित अर्थतन्त्रले नयाँ किसिमका रोजगारी सिर्जना गर्न सक्छ । सबै रोजगारी जलविद्युत् आयोजनाभित्र मात्र हुँदैनन् । वास्तविक अवसर त आयोजनाबाट निस्किएको बिजुली प्रयोग गर्ने क्षेत्रमा हुन्छ। विद्युतीय सवारी मर्मत, चार्जिङ स्टेसन, घरेलु उपकरण सेवा, कृषि प्रशोधन, कोल्ड स्टोरेज, होटल सेवा, डेटा व्यवस्थापन, डिजिटल व्यवसाय, ऊर्जा-कुशल भवन, साना उद्योग, स्थानीय उत्पादन र प्राविधिक तालिम, यी सबै नयाँ रोजगारीका क्षेत्र हुन्। युवालाई देशमै बस्न आग्रह गरेर मात्र हुँदैन। बस्न मिल्ने अर्थतन्त्र बनाउनुपर्छ। काम, सम्मान र भविष्य देखिनुपर्छ।

भान्सादेखि कारखानासम्म बिजुलीको यात्रा भनेको तारमा ऊर्जा बग्नु मात्र होइन, यो अर्थतन्त्रको संरचना बदल्ने यात्रा हो। स्वदेशी बिजुलीलाई दैनिक जीवन र उत्पादनशील क्षेत्रमा व्यापक रूपमा प्रयोग गर्न सकियो भने नेपालले आयात घटाउन सक्छ, उद्योग बढाउन सक्छ, रोजगारी सिर्जना गर्न सक्छ र आफ्नो आर्थिक आत्मविश्वास बलियो बनाउन सक्छ।

नेपालको बिजुलीले केवल बत्ती बाल्नुहुँदैन। यसले भान्सा चलाउनुपर्छ, सवारी चलाउनुपर्छ, किसानको उत्पादन जोगाउनुपर्छ, होटल र व्यवसाय चलाउनुपर्छ, कारखानाको मेसिन घुमाउनुपर्छ, युवाको सपना चलाउनुपर्छ। त्यस दिन मात्र बिजुली ऊर्जा रहँदैन, अर्थतन्त्र बन्छ। त्यही दिन 'एनर्जी नेपाल'को वास्तविक अर्थ पूरा हुन्छ, स्वदेशी बिजुलीको स्वदेशी खपतबाट स्वदेशी समृद्धि ! *(नागरिक)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — परिस्थिति अनुकूल रहनाले लक्ष्यप्राप्ति हुनेछ। छोटो समयमा फाइदा उठाउन सकिनेछ। अध्ययनमा प्रगति हुनेछ भने लेखनकलामा निखारता आउनेछ।

**वृष** — दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ। आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ।

**मिथुन** — मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । थोरै लगानीबाट नाफा उठाउन सकिनेछ।

**कर्कट** — सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ।

**सिंह** — परिस्थितिवश केही समस्यामा अल्झनुपर्ने देखिन्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्।

**कन्या** — अस्वस्थताले काममा बाधा पुग्न सक्छ। साथ दिनेहरू नहुँदा आफैं काममा जुट्नुपर्ला । बाध्यात्मक परिस्थितिले अप्ठ्यारो पार्न सक्छ।

**तुला** — तारिफयोग्य पहिरन, व्यक्तित्व र कामले चर्चित भइनेछ । घुमफिर तथा मनोरञ्जनको समय छ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन

**वृश्चिक** — प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ।

**धनु** — स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ भने चिताएको काममा विलम्ब हुन सक्छ । अरूका लागि बुद्धि र श्रम खर्चनुपला।

**मकर** — आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। सनोतिनो कमजोरीले अल्झाउन सक्छ।

**कुम्भ** — सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । कर्मयोगले नयाँ मोड लिनेछ।

**मीन** — सुरुमा आशा देखाउनेहरूले अन्त्यमा धोका दिनेछन्। अरूको भरपर्दो प्रभावकारी काम नहुन सक्छ । मानसम्मानमा बाधा पुग्नेछ।

# चन्दननाथको नगर क्षेत्रमा 'फायर हाइड्रेन्ट' जडान

◣युग संवाददाता
**जुम्ला, २५ असार ।**

जुम्लाको चन्दननाथ नगरपालिकाभित्रमा छ स्थानमा 'फायर हाइड्रेन्ट' जडान गरिएको छ। आगलागीका कारण हुने जनधनको क्षति न्यूनीकरण गर्ने उद्देश्यले नगरपालिकाभित्रको वडा नं २ र ३ मा ती उपकरण जडान गरिएको नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित सुपर परियोजनाका जिल्ला संयोजक ईश्वरा सुवेदीले जानकारी दिए। विपद् जोखिम न्यूनीकरण गर्न सहरी पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्द्धन गर्नेका लागि र बस्तीमा आगो लागे तत्काल पानी उपलब्ध गराई आगो नियन्त्रण गर्न सहज बनाउने लक्ष्यसहित फायर हाइड्रेन्ट जडान गरिएको जनाइएको छ।

नेपाल रेडक्रस सोसाइटीले समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रमअन्तर्गत नगरपालिकाका घना बस्ती तथा आगलागीको उच्च जोखिम रहेका स्थानलाई प्राथमिकतामा राखेर परियोजनाले काम गरिएको छ।

आपत्कालिन अवस्थामा दमकल, सुरक्षाकर्मी तथा स्थानीय स्वयंसेवकले नजिकैबाट पानी प्रयोग गरी आगलागी नियन्त्रण गर्नेका लागि उक्त वडाका बस्तीमा फायर हाइड्रेन्ट जडान गरिएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा जुम्लाका सुपर परियोजना संयोजक सुवेदीले बताए।

फायर हाइड्रेन्ट सडक किनार वा सार्वजनिक स्थानमा जडान गरिने पानी आपूर्ति प्रणाली भएकाले आगलागी भएको अवस्थामा दमकलले ट्याङ्कीमा पानी भर्न समय खर्च नगरी सिधै हाइड्रेन्टमा पाइप जडान गरेर निरन्तर पानी आपूर्ति हुने चन्दनाथ नगरपालिका नगर प्रमुख राजुसिंह कठायतले जानकारी दिए। हाइड्रेन्ट जडानपछि आकस्मिक आगलागीमा तत्काल उद्धार तथा नियन्त्रण गर्न सहज हुने अपेक्षा राखिएको स्थानीयवासीको भनाई छ।

# कञ्चनपुरमा ७१ जना फरार कैदीबन्दी पक्राउ



◣युग संवाददाता
**महेन्द्रनगर, २५ असार ।**

कञ्चनपुर प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई तीव्रता दिएको छ। अदालतबाट कैद सजायका साथै जरिवाना तोकिएर फरार रहेका विभिन्न मुद्दाका फरार अभियुक्तहरूलाई पक्राउ गर्न प्रहरीले जिल्लाभर विशेष सक्रियता बढाएको हो।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर रावतले गत वैशाख यता हालसम्म ७१ जना फरार अभियुक्तलाई पक्राउ गरी अदालत पेस गरिएको जानकारी दिए। जिल्ला प्रहरी कार्यालयका अनुसार यहाँ गत वैशाखमा ३४ जना, जेठमा १४ र असारको हालसम्म २३ जना फरार अभियुक्त पक्राउ परेका छन्।

"ज्यान मार्ने उद्योग, कर्तव्य ज्यानदेखि लागुऔषध मुद्दाका फरार अभियुक्त पक्राउ गर्ने क्रम निरन्तर छ", प्रवक्ता रावतले भने, "कैद सजाय तोकिएका अभियुक्तहरू अदालत हुँदै कारागार चलान भइरहेका छन्।" फरार अभियुक्त पक्राउ गर्न सादा पोसाकमा प्रहरी परिचालन भएका छन्। "अदालत र प्रशासन कार्यालयबाट फरार अभियुक्तहरूको लिष्ट मागेर हामी खोजी कार्यमा जुटेका छौं", उनले भने, "अपराध गरेर फरार रहेपनि कारबाहीको दायरामा ल्याउन प्रहरी सक्रिय रहन्छ।"

## बेलौरीमा...

उद्धार सामग्री भण्डारणका लागि गोदामघरको व्यवस्था गरिएको छ।

विपद्को सामना गर्न नगरपालिकाले रु ५९ लाखको विपद् कोष स्थापना गरेको छ। उक्त कोषमा जनप्रतिनिधि र कर्मचारीहरूले एक दिनको पारिश्रमिकस्वरूप रु एक लाख ७७ हजार ५५५ योगदान गरेका छन्। कोषको रकम विपद् प्रतिकार्य, राहत वितरण, क्षतिग्रस्त घर पुनर्निर्माण तथा विपद्पछि फैलिन सक्ने महामारी नियन्त्रणमा खर्च गरिने व्यवस्था मिलाइएको छ।

उद्धार कार्यलाई थप प्रभावकारी बनाउन २१ दिने तालिमप्राप्त २९ जना स्वयंसेवक समेत तयारी अवस्थामा राखिएको छ। पूर्वसूचना, प्राथमिक उपचार, खोज तथा उद्धारलगायतका टोली गठन गरी प्रतिकार्य योजना कार्यान्वयनमा ल्याइएको बताइएको छ।

नगरपालिकाभित्र पर्ने नकैया नालामा बाँध निर्माणका साथै अवरुद्ध नाला तथा पानी निकासका संरचनाको सरसफाइलाई तीव्रता दिइएको छ। पाण्डेयका अनुसार होचा स्थानमा बनेका घर र सडक निर्माणसँगै पानीको प्राकृतिक बहाव अवरुद्ध हुनु तथा अधिकांश क्षेत्रमा व्यवस्थित ढल र नगरपालिकाका सबै क्षेत्रमा ड्रेनेज प्रणालीको व्यवस्था नहुनुका कारण सामान्य वर्षामै समेत डुबानको समस्या देखिने गरेको छ। नगरपालिकाले मनसुन अवधिभर सबै सरोकारवाला निकायसँग समन्वय गर्दै सम्भावित विपद्को क्षति न्यूनीकरणका लागि पूर्वतयारीलाई अझ प्रभावकारी बनाउने जनाएको छ।

## कालीकोटमा...

आसपासका क्षेत्रमा लामखुट्टेबाट सर्ने रोगका बिरामी भेटिएका छन्।"

जिल्लामा डेङ्गी, औलो र कालाजारका सङ्क्रमणका बिरामी भेटिन थालेपछि महामारीको रुपमा फैलिन नदिनका लागि स्वास्थ्य संस्थाहरूसँग समन्वय गरेर लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने अभियान सुरु गरिएको जिल्ला स्वास्थ्य कार्यालयका महामारी रोग नियन्त्रण शाखाका प्रमुख हेमराज बमले बताए।

"लामखुट्टेको जोखिम देखिएका जिल्लाका विभिन्न ठाउँमा स्थानीय स्वास्थ्य संस्थाहरूको सहयोगमा लार्भा खोज्ने र नष्ट गर्ने तथा सचेतनाको अभियान सञ्चालन गरेका छौं", उनले भने, "विशेष गरेर डेङ्गी, औलो र कालाजार बिरामी भेटिएका क्षेत्रमा घरभित्र र बाहिर पानी जम्ने ठाउँहरू सफा गर्ने र लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग विषयमा जानकारी गराएका छौं।"

# वित्तीय ज्ञानपछि महिला आयआर्जनमा

◣युग संवाददाता
**टीकापुर, २५ असार ।**



वित्तीय बचतबारे ज्ञान सिकेपछि कैलालीका महिला आयआर्जनमा जोडिएका छन्। आम्दानी र खर्चको लेखाजोखा गर्ने र फजुल खर्च घटाउने ज्ञान सिकेपछि परिवारका सदस्य वैदेशिक रोजगारीमा रहेका महिला श्रीमान्‌को कमाइ बचत गर्ने र आफू पनि स्वरोजगार बन्न थालेका हुन्। टीकापुर नगरपालिकाले वैदेशिक रोजगारीमा रहेका परिवारका महिलालाई वित्तिय साक्षरता कक्षा दिएपछि उनीहरूले रकमको महत्व बुझेर आयआर्जनमा लागेका छन्।

'स्वदेशमा नै रोजगारी गरौं, वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना र सीप सिकेर मात्र जाऔं' भन्ने नाराका साथ वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि सघाउँदै आएको नगरपालिकाले मनोसामाजिक परामर्श सेवा र वित्तीय साक्षरता कक्षामा सहभागी गराएपछि आफूहरूको जीवन फेरिएको र आयआर्जनका कार्यमा लागेका महिलाहरू बताउँछन्।

वित्तीय साक्षरता कक्षामा सहभागी भएपछि टीकापुरको सत्तीकी विपना गुरुङको जीवन फेरिएको छ। विपनाले दैनिक जीवनमा आइपर्ने व्यवहारिक कुराहरू, रकमको महत्वबारेमा बुझेको बताउँदै सीप सिकेर मात्रै विदेश जानुपर्छ भन्ने कुरा सिकेको बताए।

विपनाका श्रीमान सुरुमा विदेश जाँदा तालिम बिना गएका थिए। उनले विदेशमा धेरै कठिन काम गरे। पछिल्लोपटक विपनाले सीप सिकेर मात्रै विदेश जानुपर्छ भन्ने सिकेपछि स्वदेश फर्किएका विपनाका श्रीमान् अहिले तालिम लिएर जानुभयो र राम्रो कमाइ भइरहेको छ। वित्तीय साक्षरता कक्षापछि बिपनाले पनि टिकापुर नगरपालिकाले दिएको वेतबासका फर्निचर निर्माणसम्बन्धी ४५ दिने तालिम लिनुभयो। तालिमपछि सत्तीमै उनले रोजगारी पनि पाएका छन्। अहिले विपनाको कमाइले घर खर्च चलेको र दैनिक जीवन चलाउन सहज भएको छ भने श्रीमानको कमाइ बचत भएको उनी बताउँछिन्। "मेरो घरखर्च पहिला धेरै हुन्थ्यो, श्रीमानको कमाइ घरखर्चमै सकिन्थ्यो", उनी भन्छन, "पालिकाले तालिम दिएपछि मैले सीप सिकेर स्थानीय तिलगङ्गा बेतबास फर्निचर उद्योगमा काम गरिरहेकी छु। अब म घरमै बसेर पनि बेतबासका फर्निचर बनाएर कमाउन सक्छु।"

वित्तीय साक्षरता कक्षामा वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यका महिलाहरूलाई विदेशको कमाइ कसरी बचत गर्ने र स्वदेशमै आयआर्जन गरी आम्दानीका स्रोतहरू कसरी बढाउने भन्ने विषयमा सिकाइन्छ। उनीहरू फजुल खर्च घटाउने, खर्च र आम्दानीको हिसाबकिताब राख्ने, अनावश्यक क्षेत्रमा हुने खर्चहरू घटाउने बारेमा सचेत भएका बताउँछन्। यस वर्ष टीकापुरका दुई ठाउँमा वित्तीय साक्षरता कक्षा सञ्चालन गरिएको थियो।

विपनाजस्तै टीकापुर नगरपालिका-२ कोठारपुरकी सीता चौधरीको पनि वित्तीय साक्षरता कक्षापछि जीवन फेरिएको छ। श्रीमान् विदेशमा हुँदा श्रीमान्‌को कमाइ पर्खेर बस्ने सीतालाई तालिमपछि खर्च र आम्दानीको लेखाजोखा, सीप सिकेर रोजगारी बन्नुपर्छ भन्ने ज्ञान भएपछि उहाँले पनि मेड्पा कार्यक्रमअन्तर्गत तालिम लिए। सुरुमा सिलाई कटाइ तालिम लिएर अरुको पसलमा काम गर्नुभएकी सीता अहिले आफैले टेलर खोल्नुभएको छ पसलमा राम्रो आम्दानी भइरहेको र दैनिक पाँच जनाले नियमित रुपमा सिलाइकटाइ सिकिरहेको उनी सुनाउँछन।

"अब म कपडा सिलाएर कमाइ गर्ने र अरुलाई पनि सिकाउने भएकी छु", उनी भन्नछ, "मैले समयमा सीप सिक्न पाए, कमाइ गर्न थालेपछि श्रीमान् पनि खुसी हुनुभएको छ।" वित्तीय साक्षरता कक्षामा सहभागी धेरै महिलाको जीवन फेरिएको छ। टीकापुरको अस्नेहरीकी अर्की सीता चौधरी पनि वित्तीय साक्षरता कक्षामा सहभागी भएपछि नास्ता पकाउने तालिम लिएका छन्।

अब उनी नजिकै रहेको विद्यालयमा भान्से पदमा रोजगारी गर्ने सल्लाह भइरहेको बताउँछन। सीताले खाना पकाउँदा बिजुलीको बचत कसरी गर्ने, आगोको बचत कसरी गर्ने, आफू सुरक्षित कसरी हुने र बालबालिकालाई गलत बाटोमा लाग्नबाट कसरी जोगाउने भन्ने बारेमा पनि सिक्नु भएको छ। सीताका श्रीमान् पाँच वर्ष मलेसिया बसेर घर फर्किएका छन्। अहिले काठमाडौंमा सीप सिक्दै हुनुहुन्छ र सीप सिकेर फेरि जाने तयारीमा रहेको उहाँको भनाई छ। "मैले घरमै पनि महिलाले अनावश्यक हुने खर्च कसरी बचत गर्न सक्छन् भन्ने सिके", उनी भन्छन, "आजभोलि मेरो घरमा पानी र बिजुलीको बिल पनि पहिलेको तुलनामा घटेको छ।"

टीकापुर-१ नयाँ टीकापुरकी उर्मिला खड्काले विदेश जाँदा 'पासपोर्ट'मा मात्रै चाहिन्छ भन्ने बुझिएको थियो। वित्तीय कक्षामा सहभागी भएपछि विदेश जाँदा अन्य कागजात पनि चाहिन्छ, कागजातको फोटोकपी परिवारका सदस्यले पनि राख्नुपर्छ भन्ने कुरा सिकेको र घरका परिवारका सदस्यले पनि आयआर्जनका कार्यमा लाग्नुपर्छ भन्ने बुझाइको विकास भएको बताउँछन्। "विगतमा आफ्नो बारीमा फर्केको फलेको तरकारी छिमेकीलाई बाड्ने, बचेको गाईबस्तुलाई खुवाउने गर्थे", उर्मिला भन्छन, "आजभोलि बिक्री गर्न थालेकी छु। मैले पनि सिलाइकटाइ तालिम सिकेकी छु। अब कामको खोजीमा छु। घरायसी खर्च घटाउन थालेको छु।"

महिलाहरूले आजभोलि आम्दानी र खर्चको हिसाबकताब राख्ने, घर खर्चमा हुने फजुल खर्च घटाउन थालेको जनाएका छन्। नगरपालिकाले सञ्चालन गरेको सामी कार्यक्रमका रिटर्नी स्वयंसेवक धनबहादुर बुढा मगर विसं २०७० बाट निरन्तर वैदेशिक रोजगारी सुरक्षित र उनीहरूका परिवारको सहज जीवनका लागि सामी कार्यक्रममा काम गरिरहेका बताउँछन। "१३ वर्षअघिको वैदेशिक रोजगारीको सुरक्षा र अहिलेको वैदेशिक रोजगारीमा जानेहरूको अवस्था फेरिएको छ", उनी भन्छन, "हामीजस्ता स्वयंसेवकका बारेमा स्थानीय सरकारले ध्यान दिनुपर्छ।"

टीकापुर नगरपालिका-१ का वडाध्यक्ष मोहन लुहार विकले सामी कार्यक्रमले वैदेशिक रोजगारीमा गएका परिवारको सुरक्षा र वित्तीय बचतमा सघाएको बताए। उनले तालिम सिकिसकेका उद्यमी बन्ने, व्यवसाय गर्ने कार्य सुरु गर्नुपर्ने बताए। "हामी सीप सिकेर व्यवसाय गर्नेलाई जहिले पनि सघाउँछौं, हामीसँग सीप सिकाउने रोजगार सेवा केन्द्र, मेड्पा लगायतका कार्यक्रम छन्", उनी भन्छन, "सीपपछि व्यवसाय गर्नेलाई समन्वय र अन्य खाले सहयोग जुटाइदिनेछौं।"

वडा नम्बर ७ का वडाध्यक्ष यज्ञप्रसाद न्यौपानेले हाम्रो समाजका पुरुषहरू अधिकांश विदेशमा, नेपालमै रहेकाहरू रोजगारीमा, केही कृषि कर्ममा लागेका र केही गलत बाटो लागुऔषध दुर्व्यर्सनमा फसेकाले चिन्ता बढेको बताए। उनले विदेशको कमाइ व्यवस्थापनमा महिलाहरूको ठूलो जिम्मेवारी हुने बताउँदै वित्तीय कारोबार गर्दा सचेत र जिम्मेवार हुनका साथै फजुल खर्च घटाउन सुझाव दिए।

टीकापुर नगरपालिकाका रोजगार शाखा प्रमुख दिनेशराज शर्माले अहिले पालिकाले एकीकृत रुपमा सीपमूलक तालिम दिन प्रयास गरिरहेको बताउँदै सङ्घ सरकारको कार्यविधि आइसकेकाले सहकार्य गरी एकीकृत रुपमा उद्यमी बन्न चाहने, सीप सिक्न चाहनेहरूका लागि तालिमका अवसरहरू सिर्जना गरिने बताए।

टीकापुर नगरपालिकाका लेखा अधिकृत लक्ष्मी ओडले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनुका साथै कमाइ पनि सही सुदपयोग गनुपर्नेमा परिवारका सदस्यसमेत सचेत हुनुपर्ने बताए। सामी कार्यक्रमका मनोसामाजिक परामर्शकर्ता मिना कुँवरले वैदेशिक रोजगारीले मानसिक समस्या हुनसक्ने भएकाले परिवारका सदस्य पनि काममा ब्यस्त रहनुपर्ने बताउँछन। "हामीले समस्यामा रहेकालाई मनोसेवा दिने गरेका छौं, यसका साथै वित्तीय साक्षरता कक्षामार्फत आयआर्जनका कार्यमा लाग्न हौसला दिन्छौं", उनी भन्छन, "विदेश र स्वदेशको कमाइ सही ठाउँमा लगानी गर्न, सुरक्षित कारोबार गर्न पनि सिकाउने गरेका छौं।"

# कञ्चनपुर पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा

◣युग संवाददाता
**कञ्चनपुर, २५ असार ।**

कञ्चनपुरलाई 'पूर्ण खोप सुनिश्चित तथा दिगोपना जिल्ला' घोषणा गरिएको छ। राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत जिल्लाका नौ वटै पालिकाका सबै बालबालिकालाई नियमित तथा छुट खोपको पहुँचमा ल्याएपछि पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरिएको हो।

जिल्ला समन्वय समितिका प्रमुख दुर्गादत्त बोहराले पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गर्नु हुँदै बालबालिकालाई खोपबाट रोकथाम गर्न सकिने तथा रोगबाट सुरक्षित राख्न महत्वपूर्ण उपलब्धि हाँसिल भएको बताए। उनले घोषणा केवल उपलब्धिमा सीमित नरही आगामी दिनमा पनि नियमित खोप सेवाको दिगोपनामा विशेष ध्यान दिनुपर्नेमा जोड दिए।

स्वास्थ्य कार्यालयका अधिकृत जनक कुँवरका अनुसार जिल्लाभर रहेका १६८ खोप केन्द्रमार्फत शून्यदेखि १५ महिनासम्मका आठ हजार ६३७ बालबालिकालाई नियमित खोप सेवा प्रदान गरिएको छ।

त्यस्तै, विगतमा खोप लगाउन छुटेका १३८ बालबालिकालाई पनि बिसिजी, ओपिभी, पिसिभी, रोटा, एफआइपिभी, दादुरा-रुबेलालगायत आवश्यक खोप लगाइएको उनले बताए। जन्मदेखि ११ महिनासम्मका सात हजार ९८८, ११ देखि २३ महिनासम्मका सात हजार ८७७ बालबालिका, नौ हजार ४२७ गर्भवती तथा २४ देखि ५९ महिनासम्मका सबै लक्षित बालबालिकाले आवश्यक खोप प्राप्त गरेको अधिकृत कुवँरले बताए। कार्यक्रममा खोप अभियानमा योगदान पुऱ्याएका विभिन्न पालिकाका खोप सहजकर्ता तथा स्वास्थ्यकर्मीलाई सम्मान गरिएको थियो।

# बर्डफ्लु नियन्त्रणका लागि सतर्कता अपनाउन आग्रह

◣युग संवाददाता
**कालीकोट, २५ असार ।**

देशका विभिन्न स्थानमा बर्डफ्लु (एभियन इन्फ्लुएन्जा) सङ्क्रमण पुष्टि भइरहेका बेला कालीकोटमा उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ। पशु सेवा कार्यालय कालीकोटले बर्डफ्लु नियन्त्रणका लागि सतर्कता अपनाउन आग्रह गरेको हो।

जिल्लाभित्र कुखुरामा बर्डफ्लु फैलिन सक्ने भएकाले सतर्कताका साथ पूर्वतयारीमा रहन कुखुरापालक किसानलाई अनुरोध गरिएको छ। कुखुरा फार्म, मासु पसल तथा कुखुरापालक किसानलाई रोग नियन्त्रणका लागि पूर्वतयारीमा रहन अनुरोध गरिएको जिल्ला पशु कार्यालयका प्रमुख धनबहादुर महतले जानकारी दिए।

"हालसम्म जिल्लामा बर्डफ्लुको कुनै शङ्कास्पद घटना वा सङ्क्रमण पुष्टि भएको छैन्," उनले भने, "रोग नियन्त्रणका लागि आवश्यक सतर्कता अपनाई सचेतना फैलाउने काम भइरहेको छ।" जिल्ला बाहिरबाट जीवित कुखुरा तथा चल्ला भित्र्याउँदा निगरानी बढाउने, फार्ममा जैविक सुरक्षाका मापदण्ड पालना गर्ने, अनावश्यक व्यक्तिलाई प्रवेश नदिने, दाना-पानी सफा राख्ने तथा कुखुराको मासु र अण्डा राम्रोसँग पकाएर मात्र उपभोग गर्न आग्रह गरिएको प्रमुख महतले बताए।

उनका अनुसार कुखुरामा शङ्कास्पद लक्षण देखिएमा नजिकको पशु सेवा कार्यालयलाई जानकारी गराउन पनि अनुरोध गरिएको छ।

## हर्मुजमा...

जहाजमा आक्रमण गरेको घटनापछि अमेरिकाले व्यापक सैन्य कारबाही थालेको हो। पछिल्ला आक्रमणहरू फेब्रुअरी २८ मा युद्धको सुरुआतमै मारिएका इरानका पूर्व सर्वोच्च नेता अली खामेनीको बिहीबार हुने अन्त्येष्टिअघि भएका हुन्। प्रारम्भिक आक्रमणमा दुवै पक्षले दर्जनौं लक्ष्यमा प्रहार गरेको बताएका छन्। इरानी सरकारी टेलिभिजनका अनुसार आठ जना इरानी सैनिक मारिएका छन् भने सेन्टकमले यसअघि ८० भन्दा बढी लक्ष्यमा आक्रमण गरिएको जनाएको थियो।

क्षेत्रीय तनाव बढिरहेका बेला संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सबै पक्षलाई अधिकतम संयम अपनाउन आग्रह गरेका छन्। अमेरिका-इरान संवादका मध्यस्थकर्तामध्ये एक पाकिस्तानले पनि तनाव नियन्त्रणका लागि कूटनीतिक पहल आवश्यक रहेको जनाएको छ। इरानी विदेशमन्त्री अब्बास अराघची र कतारका प्रधानमन्त्रीबीच भएको टेलिफोन वार्तामा पनि क्षेत्रीय समस्या समाधानका लागि कूटनीतिक माध्यमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको इरानले जनाएको छ।


सुरक्षित खानाको लागि पाँच सन्देश

१. सरसफाई राख्ने
➞ खाना छुँदा र खाना बनाउँदा सफा हुनेगरी हात धुने।
➞ चर्पी गइसकेपछि साबुन पानीले हात धुने।
➞ खाना बनाउँदा प्रयोग गरिने सामग्रीहरु सफा हुनेगरी धुने।
➞ भान्सा र खानेकुरामा किरा, मुसा तथा अन्य जीव छिर्न नदिने।

२. स्वच्छ पानी र खाद्यवस्तु मात्र प्रयोग गर्ने
➞ स्वच्छ पानी प्रयोग गर्ने तथा प्रशोधन गरी सुरक्षित बनाउने।
➞ ताजा र पौष्टिक खाद्यवस्तुहरु प्रयोग गर्ने र खाने बानी बसाल्ने।
➞ प्रशोधन गरी सुरक्षित गरिएका पाश्चराइज्ड दूध जस्ता खाद्यवस्तु सेवन गर्ने।
➞ फलफूल तथा तरकारी जस्ता नपकाई खाने खानालाई सफा र स्वच्छ पानीले धुने।
➞ उपभोग्य मिति नाघिसकेका खानेकुराहरु नखाने।

३. राम्ररी पकाउने
➞ माछा, मासु तथा अण्डा जस्ता खानेकुरालाई राम्ररी पकाउने।
➞ तरकारी, सुप तथा अन्य पेय खाद्यवस्तुहरुलाई ७०°से.तापक्रम भन्दा बढी (बाफ आउने गरी) तताउने।
➞ माछा, मासुलाई राम्ररी पाक्ने गरी पकाउने।
➞ खानालाई राम्ररी तताएर मात्र खाने।

४. पकाएको र नपकाएको खाद्यवस्तुहरुलाई छुट्टाछुट्टै राख्ने
➞ नपकाएको माछा तथा मासु जस्ता खाद्यवस्तुहरुलाई छुट्टाछुट्टै राख्ने।
➞ नपकाएका खानेकुराका निम्ती प्रयोग गरिने चक्कु, चपिङबोर्ड जस्ता सामग्रीहरु छुट्टाछुट्टै प्रयोग गर्ने।
➞ पकाएको र नपकाएको खाद्यवस्तुहरुलाई नमिसिनेगरी छुट्टाछुट्टै भाँडामा राख्ने।

५. खानालाई सुरक्षित तापक्रममा राखी संरक्षण गर्ने
➞ सामान्य तापक्रममा खानालाई दुई घण्टा भन्दा बढी नराख्ने।
➞ पकाएको तथा चाँडै बिग्रने खानालाई कम तापक्रममा रेफ्रिजेरेटरमा (५°से.भन्दा कम) राख्ने।
➞ तातो अवस्थामा खाना भण्डारण गर्नु परेमा ६०°से.भन्दा तातोमा (बाफ नसेलाउने गरी) राख्ने।
➞ रेफ्रिजेरेटरमा समेत खानालाई लामो समयसम्म नराख्ने।
➞ चिसोमा राखेको खानालाई तत्काल नै तताएर उपभोग गर्ने र फेरि सामान्य तापक्रममा नराख्ने।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
सुर्खेत

फोन नं: ०८३-५२२५३०, ९८५८०७२५३०
इमेल: ftqcosurkhet@gmail.com

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# दैलेखमा सवारी दुर्घटना रोक्न लापसे-मापसे परीक्षणमा कडाइ

**युग संवाददाता**
**दैलेख, २५ असार ।**

दैलेखमा सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले लापसे (लागू पदार्थ सेवन) र मापसे (मद्यपान) परीक्षणमा कडाइ गरिएको छ।

डुङ्गेश्वर गाउँपालिका १, चुप्रामा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतको सहयोग, जिल्ला प्रहरी कार्यालय दैलेखको समन्वय, स्वास्थ्य सेवा कार्यालय दैलेखको प्राविधिक सहयोग तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय दैलेखको आयोजनामा लापसे र मापसे परीक्षण अभियान सञ्चालन गरिएको हो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी आनन्द सारुले सवारी चालकहरूलाई लागूपदार्थ वा मद्यपान गरेर सवारी साधन नलगाउन कडा आग्रह गरे। नियम उल्लंघन गर्नेलाई सरकारले कानुनबमोजिम कडा कारबाही गर्ने चेतावनी समेत उनले दिए।

जिल्ला प्रहरी कार्यालय दैलेखका डीएसपी श्रवण विकले सवारी दुर्घटना न्यूनीकरणका लागि कानुनको प्रभावकारी कार्यान्वयन अपरिहार्य रहेको बताए। मादक पदार्थ तथा लागूपदार्थ सेवन गरेर सवारी चलाउने प्रवृत्तिप्रति प्रहरीले शून्य सहनशीलताको नीति अवलम्बन गरेको उनले स्पष्ट पारे। उनले चालकहरूलाई ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रह गर्दै सडक सुरक्षालाई सबैको साझा जिम्मेवारीका रूपमा लिएर प्रहरीसँग सहकार्य गर्न आह्वान गरे।


सुर्खेत-दैलेख सडकखण्डमा हुने सवारी दुर्घटना कम गर्न स्थानीय सरकारको दायित्व अन्तर्गत साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिएको डुङ्गेश्वर गाउँपालिकाका अध्यक्ष सुन्दर कुमार केसीले बताए। त्यस्तै, वडा नं. १ का वडाध्यक्ष श्याम रानाले आफ्नो वडा क्षेत्रमा सञ्चालन गरिएको यो अभियानले चालकहरूमा सचेतना जगाउनुका साथै दुर्घटना न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।

नेपाल पत्रकार महासंघ दैलेख शाखाका अध्यक्ष कमल शर्माले सडक सुरक्षा अभियानलाई प्रभावकारी बनाउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने बताए। ट्राफिक सचेतना, जिम्मेवार सवारी सञ्चालन तथा दुर्घटना न्यूनीकरण सम्बन्धी सन्देश जनस्तरसम्म पुर्‍याउन सञ्चार क्षेत्रले निरन्तर सहकार्य गर्ने प्रतिबद्धता उनले जनाए।

सवारी दुर्घटना न्यूनीकरण तथा यात्रुहरूको सुरक्षित यात्रा सुनिश्चित गर्ने उद्देश्यले यो अभियान सुरु गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय दैलेखका प्रमुख वरिष्ठ प्रहरी निरीक्षक जयसिंह गुरुले जानकारी दिए। चालक तथा सहचालकले लापसे वा मापसे गरेर सवारी चलाउँदा दुर्घटनाको जोखिम अत्यधिक बढ्ने भएकाले विशेष निगरानी बढाइएको उनले स्पष्ट पारे। चालकहरूको लापसे तथा मापसे जाँच गर्ने यो अभियान आगामी दिनमा पनि आकस्मिक रूपमा निरन्तर सञ्चालन गरिने उनले बताए। सार्वजनिक सवारी साधनमा यात्रा गर्ने सर्वसाधारणको जिउधनको सुरक्षामा मत्वपूर्ण सहयोग पुग्ने कार्यालय प्रमुख गुरुलले विश्वास व्यक्त गरे।

यस अभियानले सडक सुरक्षामा सकारात्मक प्रभाव पार्नुका साथै सवारी दुर्घटना नियन्त्रणमा उल्लेखनीय सहयोग पुग्ने विश्वास गरिएको छ। चालक तथा सहचालकलाई जिम्मेवार भएर ट्राफिक नियमको पालना गर्दै सुरक्षित रूपमा सवारी सञ्चालन गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालय दैलेखले अनुरोध गरेको छ।

घुयँत्रो



## ‘बिरसिक्का’

बालेनको सरकारले निजामती कर्मचारीलाई ५५ र ३० गल लगाएर मैदानाट गलहत्याउने भनेछि कतिपय कर्मचारीले त राविनामा दिँदै कुलेलम ठोक्दै गर्या सम्चारनि आईराछन। अनि झन यै बेलाँ मुख्य सचिबाँ १८ नम्बर मुनिका को कार्कि भन्ने मान्छेलाई मुख्यसचिब बनाएछि त झन कर्मचारीको सातोपुत्लै उड्या होला। भन्न त घण्टी सरकारले निसेनि ल्याएर कर्मचारी याँ ठूलै उथलपुथल मच्चाउँछु भन्याछ अनि नपसेनिनि संसोधनका लागि तयारी गर्या जस्तो नि बुझिन्छ तर के गर्नु सरकारले निसेनिका निम्ति ल्याउनलाको निसेनि सम्बन्धि अध्यादेश समयमै पास होला जस्तो चाइँ देखिखयन है त्यसैले सरकारको योजना तहसनहस होला जस्तो पो देखिखयो त ! बिचरा कति कर्मचारी यै निसेनि आएर ढाड सेक्छ भनेर कतिपय सरकारको डरले पैलै घरतिर टाप हाने। के था सरकारले अध्यादेशै पास गराउन नसक्ने बुझ्याभा त तिनरुनि किन छँदाखाँदा जागिर छाडेर जाँदा हुन कुन्नि ! यदि साँच्चिकै बालेन सरकारले अध्यादेश पास गराएर साउनदेखि कर्मचारी छटनि गर्न सकेन भने यिनै कर्मचारीले सरकारको के हालत गराउँछन त्यो त पछिनै था होला। नेपालको कर्मचारी तन्त्र भनेको यस्तो अटेरी र भष्टाचारी हो कि जस्ले स्यानो छिद्रबाट छिरेर हात्ती बनेर निस्कने सामर्थ्य राख्छ त्यसैले देशमा परिवर्तन गर्ने हो र सरकारी सेवा चुस्तदुरुस्त बनाउने हो भने यी भष्टाचारमा खरोसावित भएर कर्मचारी प्रशासनलाई अपांग बनाएका कर्मचारी जति एकएकलाई ठाडो उठनै नसक्ने गरि कार्वाहिनै गर्नु पर्दछ। त्यसो त निजामती अध्यादेश पारित भएनि सदन समाप्त गरेर फेरि अर्को सदन चालू नहुँदासम्म का लागि फेरि अध्यादेश ल्याएर काम गर्न सरकारलाई कसैले रोक्न सक्दैन। त्यसैले युवाहरुको जेनजी सरकारले त्यसतर्फ केही न केही त सोचेकै होला। सदनमा दुई तिहाइ ल्याएर देश र जनताको आर्थिक स्थिति र समृद्धि लाई कहाँ पुर्याउँछु भनेर सोचि रहेका बेला केही नगरिकन सरकार चुप्पै त बस्दैन होला। त्यसैले कर्मचारी साथिहरु तपाईंहरु जाज त निश्चित रुपमा जानू हुन्छ तर साउनको सट्टा भदौ वा असोजमानि हुन सक्दछ। त्यसैले कामचो र भष्टाचार बिना सेवाग्राहीलाई सेवा नदिन बानि परेका कर्मचारीहरुले ऐन अध्यादेश आउनु पूर्व नै घरतिर लाग्यो भने जागिर सुरक्षित बस्न सक्छ र आजसम्म सरकारी जागिर खाए बापत पेन्स लिएर घरका केटाकेटीलाई खुशि पार्न सकिन्छ तर , ऐन ल्याउन नसकेकोमा सरकारलाई नै कमजोर देखेर पाखुरन सिउरिन थाल्यो कर्मचारीहरु खालि हात घरतिर लाग्नु पर्नेनि हुन सक्छ। त्यसैले कर्मचारीहरुले साँच्चिकै आफ्नो खैरियत चाहने हुन भने खुरुक्क आफ्नो ठाउँ छोडेर सरकारका लागि बाटो खोल्दिनु श्रेयस्कर हुन सक्दछ। किन भने जब सरकारले ३०/५५ को कानुन लाउन लागेकै हो र कुनै प्राविधिक कारणले अडकिएको हो भने त्यसलाई प्रकृषा पुर्याएर ढिलो चाँडो सरकारले त ऐन /अध्यादेश त ल्याउँछ ल्याउँछ। त्यसैले सरकारको गलहत्याइमा जागिर छोडेर जानू भन्दा स्वईच्छाले जागिर छोडेर जानू राम्रो भएन र ? के यत्ति कुरानि कर्मचारीहरुले बुझ्दैनन होला त ! अस्तु।

### टरिगाउँ विमानस्थलः

# नियमित उडान नहुँदा इन्धन डिपो समस्यामा

**युग संवाददाता**
**दाङ, २५ असार ।**

दाङको टरिगाउँ विमानस्थलमा नियमित हवाई सेवा सञ्चालन नहुँदा इन्धन डिपो समस्यमा परेको छ।

विमानस्थलमा नेपाल आयल निगमले इन्धन डिपो स्थापना गरेकामा नियमित हवाई उडान नहुँदा डिपो सञ्चालनमा समस्या भएको हो।

कार्यालयका लेखा अधिकृत कैलाश देवकोटाका अनुसार गत वैशाखमा एक हजार लिटर मात्रै इन्धन बिक्री भएको थियो भने जेठमा ६६० लिटर र असारको अहिलेसम्म ८३४ लिटर इन्धन बिक्री भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा १७ हजार ९०९ लिटर बिक्री भएको थियो। चालु आवमा ३४ हजार ३४ लिटर बिक्री भएको जनाउँदै उनले मासिक बिक्रीदर दुई हजार ८४६ लिटर रहेको जानकारी दिए।

नियमित उडान भएमा इन्धन बिक्री दर बढ्ने हुँदा डिपोको आम्दानी हुने बताउँदै लेखा अधिकृत देवकोटाले भने, ‘साताामा चार दिन जहाज आउने भनिए पनि कहिल्यै दुई दिन मात्रै आउने, कुनै साता नआउने समस्या छ।’ उनका अनुसार हाल इन्धनको मूल्य प्रतिलिटर २६९ पर्दछ।

# कर्णाली नदी किनारमा फेला परेको शव १८ वर्षीया सिर्जना खड्काकै भएको पुष्टि

**युग संवाददाता**
**सुर्खेत, २५ असार ।**



कर्णाली राजमार्गमा भएको सवारी दुर्घटनापछि बेपत्ता भएकी कालिकोटकी १८ वर्षीया सिर्जना खड्काको शव कर्णाली नदी किनारमा फेला परेको पुष्टि भएको छ।

सुर्खेतको चौकुने गाउँपालिका-४ डङ्डगेस्थित कर्णाली नदी किनारमा गत असार २३ गते बेवारिसे अवस्थामा घोप्टो परेको एक महिलाको शव फेला परेको थियो। प्रारम्भिक रूपमा पहिचान हुन नसकेको उक्त शव सिर्जनाकै भएको उनका बुवा धनबहादुर खड्काले सनाखत गरेपछि पुष्टि भएको हो।

सवारी दुर्घटनापछि नदीमा बेपत्ता भएकी सिर्जनाको शव पहिचान भएपछि परिवार शोकमा डुबेको छ। परिवारले शव बुझेर अन्त्येष्टिको तयारी गरिरहेको जनाइएको छ।

यसअघि सोही दुर्घटनामा ज्यान गुमाएका मेगे तिरुवा र जेखे तिरुवाको शव आफन्तले बुझेर दाहसंस्कार गरिसकेका छन्।

प्रहरीका अनुसार दुर्घटनामा बेपत्ता भएका गाडी चालक र सहचालकको शव अझै फेला पर्न बाँकी रहेको छ। खोजी तथा उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

RARA Printing Pvt.Ltd.
पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साइजको मेसिनबाट छपाई
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)


हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।